# कर्मयोगी रूपचन्द नाहटा

**प्रा.डा.बद्रीनारायण गौतम**
इतिहास केन्द्रीय विभाग,
त्रि.वि., कीर्तिपुर
bngautam2019@gmail.com
**Doi: 10.3126/voh.v33i1.87289**

**सारसङ्क्षेप**

*व्यापार-व्यवसाय मात्रलाई धर्म-कर्म बनाउँदै समाज सुधारमा पनि सक्रिय हुने, पेसामा बाधा नपुग्ने गरी समाजका विविध क्षेत्रमा सम्बन्ध कायम गर्ने परम्परा विकसित गरेका मारवारी कुलमा जन्मिएर व्यवसायिक शिक्षादीक्षा ग्रहण गरी पुर्ख्यौली कर्ममै लागेका रूपचन्द नाहटा कोइराला परिवारको निकटताबाट विकसित धारणाले गर्दा नै सशस्त्र सङ्घर्ष कालमा नेपाली कांग्रेसको निस्वार्थ सहयोगी बनेका थिए । भारतीय मूलका नागरिक भए तापनि छोटो समयमै भारतलाई भन्दा नेपाललाई बढी माया गर्ने, भारतमा भन्दा नेपालमै रमाउने र आफूलाई सच्चा नेपाली ठानेर प्रस्तुत हुने गर्न थालेपछि उनी नेपाल र नेपालीको मात्र कल्याणको चाहना राख्दै काम गर्दा श्रीसम्पतिदेखि प्राणसम्मकै पर्वाह नगर्ने देशका कमै सपुतमध्येका एक थिए । "समत्व योग उच्चते" अर्थात् सफलता विफलता सबैमा समभाव राखेर कर्म गर्नु नै कर्मयोग हो भन्ने गीताको अभिव्यक्तिलाई आधार मान्ने नाहटाको जीवनमा कर्मयोगको सिद्धान्तलाई व्यावहारिक कसीमा घोट्दा उनले प्राचीन नेपाली दर्शन र आधुनिक समाजको आवश्यकता बिच सन्तुलन राखेर काम गरेको पाइन्छ। प्रस्तुत खोज तथा अध्ययन गुणात्मक विधिमा आधारित तथ्य सङ्कलन गरी त्यसैलाई आधार बनाएर वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिका आधारमा लेख तयार पारिएको छ ।*

***शब्दकुञ्जी :*** *अमानवीय यातना, जनविद्रोह, निस्वार्थ कर्म, सशस्त्र सङ्घर्ष, हान र भागको रणनीति ।*

## परिचय

राणा विरोधी सशक्त आन्दोलनका लागि देशभित्रबाट गरिएका प्रयास दमनमा परेपछि समयको गतिलाई पहिचान गरेका नेपाली तरुणहरूको लामो प्रयास समेतलाई ध्यान दिएका राजनीतिज्ञहरु सशक्त पार्टी निर्माणमा लागेका थिए । केही चरणको छलफल पछि नेपालको हिमाल, पहाड, तराईलाई प्रतिनिधित्व गर्ने सेतो, नीलो र रातो गरी तीन रङ्गको घेराले बनेको बिचमा चन्द्रसूर्य रहेको वर्गाकार झण्डा स्वीकार गरे । त्यसपछि गरेका प्रयासको अन्त्यमा प्रस्ट राजनैतिक नीति, कार्यक्रम र सिद्धान्त निर्धारण गरिएको नेपाली राष्ट्रिय काङ्ग्रेस नामक नेपालको पहिलो राजनैतिक पार्टी स्थापित भयो (कृष्ण खनाल, अन्तरवार्ता, २०७७ चैत्र २४) । परिवर्तन चाहने नेपाली तरुणहरूको साथ समर्थन पाएपछि शान्तिपूर्ण आन्दोलनका विविध आयाम तयार पार्दै बढेको यो दलले अर्को शक्तिसँग एकता गरी नेपाली काङ्ग्रेस बनाउने, सशस्त्र क्रान्ति चलाएर राणाशासन समाप्त गर्ने, प्रजातान्त्रिक पद्धतिको शिलान्यास गरेर नेपाल र नेपालीको रूपान्तरण प्रयास गर्ने गर्दै निर्वाचित सरकार गठनको अवसर पाएपछि क्रान्तिकारी सिद्ध हुने कार्यहरू थालेर जनताका पक्षमा काम गर्न अग्रसर भयो । नेपालको राजनीतिमा एकछत्र प्रभुत्व कायम गर्ने चाहना राखेका राजा महेन्द्र जननिर्वाचित सरकारले थालेका कार्यबाट सशंकित भएकाले अवसरवादी चरित्रकाहरूसँग मिलेर षड्यन्त्रको तयारीमा बढेपछि २०१७ साल पौष १ गते अकस्मात संविधानको धारा ५५ प्रयोग गरेर शाही रक्षक दलका माध्यमले प्रधानमन्त्रीलगायत सरकारका सदस्य

एवं पार्टीका नेताहरूलाई खोजी खोजी गिरफ्तार गरे (उपाध्याय, २०७६) । सुरक्षाकर्मी परिचालन गरेर आतङ्क सिर्जना गर्दै भेटे जति नेतालाई बिना अभियोग थुनेर चरम एवं बर्बर दमन तर्फ अग्रसर भएका राजा महेन्द्रको शासन विरुद्ध देशभित्र अहिंशात्मक आन्दोलन चलाउने अवस्था नभएपछि नेपाली काङ्ग्रेस सशस्त्र सङ्घर्षको नीतिमा बढेपछि राज्यद्वारा सैन्य शक्ति लगाएर दमन गर्ने नीति अवलम्बन गरियो । जसले गर्दा देशमा डरलाग्दा प्रकृतिका घटनाहरू घट्ने जुन क्रम सुरु भयो त्यसमा अंशदान गर्नेदेखि ज्यू ज्यानको पर्वाह नगरी क्रान्ति मोर्चामा होमिने तरुणहरूले अभूतपूर्व भूमिका निर्वाह गरी जनता पक्षको इतिहास निर्माण गरे । नेपाली जनताले आफ्ना अधिकार र मर्यादित जीवनका लागि रगत पसिना बगाएर त्याग तपस्या र बलिदानको जुन इतिहास रचना गरे त्यसका सबै पात्रहरूका भूमिका कार्यबारे विश्लेषण गर्न विस्तृत अनुसन्धानको आवश्यकता पर्ने भएकाले यस आलेखमा लोभलालच लेश मात्र नराखी प्रजातन्त्रका लागि सर्वस्व सुम्पेर उच्च जोखिमयुक्त काम गरेका रूपचन्द नाहटाको योगदान बारे विश्लेषण प्रयास गरिएको छ । व्यापारिक मारवारी घरानामा जन्मिएर पनि व्यापार व्यवसाय भन्दा बी.पी., सुवर्णशमशेर, नेपाली काङ्ग्रेस, प्रजातान्त्रिक आन्दोलनलाई महत्त्व दिई काम गरेका तर परिवर्तन पछिको समयमा नेपाली कांग्रेसले नै ध्यान दिन कदर गर्न नसकेका योद्धामाथि केन्द्रित प्रस्तुत अध्ययनबाट प्रजातान्त्रिक आन्दोलनको इतिहासमा नयाँ आयाम थपिने आशा गर्न सकिन्छ ।

विभिन्न कालखण्डमा जङ्गल, पहाड, नदीनाला, खेतीका लागि उर्बर थलो मानिएको मोरङ वा मौरङ जैविक विविधता, सीमसार र अनेकौं प्राकृतिक सम्मिश्रण क्षेत्रका रूपमा विख्यात थियो । केन्द्रको दृष्टिबाट टाढा रहेको एकदम अविकसित क्षेत्र, कोशीको पूर्वदेखि मेचीसम्म वन जङ्गलले ढाकिएको देशकै एउटा अँध्यारो भाग मानिने मोरङ थारू, राजवंशी, सतारहरूबाट वनप्रान्तका निर्जनतामा आ-आफ्ना बस्ती आदिकालीन स्थितिमा राखेको वा स्थित गरेको स्थल मानिन्थ्यो (कोइराला, २०४०) । त्यहाँको आर्थिक सम्भाव्यता, महत्त्व आदि तर्फ राज्य, व्यवसायी-किसान कसैको ध्यान नजाँदा जल, जमिन, जङ्गल र माटोको सम्पदा खेर गइरहेको थियो । वनको आवरणभित्र लुकेर आ-आफ्ना परम्परागत सामाजिक जीवन बिताइरहेका थारू, सतार, राजवंशीहरूमा आफ्नो क्षेत्रभित्र बाहिरियाहरूबाट आघात नपुगोस् भन्ने चाहना प्रबल भएकाले आगन्तुकहरूलाई प्रेरणा दिने स्वभाव र बानी थिएन । जसले गर्दा पहाडियादेखि भारतीय मूलका मानिसहरूको पहुँचमा नपुगेको मोरङ क्षेत्रका जैविक विविधता-सिमसारदेखि नदी निर्मित मैदानी क्षेत्रमा धान एवं सनपाटको उत्पादन अत्यन्तै राम्रो हुने अवस्था रहेकाले बंगाली व्यापारीहरूको दृष्टिमा पर्न थाल्यो (तोरेन्द्रमान प्रधान, अन्तर्वार्ता, २०६९ फागुन २२) । भारतमा प्रभुत्व कायम गर्ने लक्ष्य अनुरूप क्रियाशील अङ्ग्रेजहरूबाट विस्तार गरिएको रेल यातायातको लाइन फारविसगञ्जसम्म आएपछि मोरङ क्षेत्रका उत्पादनहरू भारतीय बजारसम्म पुऱ्याउन रङ्गेलीमा विकास भएको रंगेली बजार कलकत्ताका व्यापारीक घरानाहरूको रोजाइमा पर्न थाल्यो । मोरङका ससाना गाउँ बस्तीहरूमा लाग्ने दैनिक बजार, हाटबजार आदिमा क्रय विक्रय हुने स्थिति अध्ययन गरेका मारवारीहरूले कलकत्तामा स्थापना गरेका व्यापारिक प्रतिष्ठानकै नामबाट फारवेशगञ्जमा मौसमी आढत खोलेर मोरङको रङ्गेलीमा मौसमी सङ्कलन स्थल बनाएर बैलगाडीद्वारा दिनदिनै आवत जावत गर्दै मोरङका अन्नपात, सनपाट जस्ता उब्जनी ओसारेर कलकत्ताको मन्डिमा पुऱ्याएर प्रशस्तै नाफा कमाउने गर्न थाले (भीमराज नौलखा, अन्तर्वार्ता, २०६९ फागुन १७) । नुनको सोफो गर्ने सङ्कल्पसहित क्रियाशील रहेको अवस्थामा पनि वीरशमशेरको कोपभाजनमा परेर तानामाना गुमाउन बाध्य भएका जेठा

दाजु डिट्ठा कालिदासको अवस्था परिवारको स्थितिबाट हुकुमी शासनको यथार्थ बोध गरी सरकारी सेवामा नजाने वा जागिर नखाने प्रण गरेका कृष्णप्रसाद कोइरालाले मोरङमा पुगेपछि थालेको आर्थिक उन्नतिका बाटा खोज्ने प्रयास क्रममा रङ्गेली बजारका मारवारीहरूको सहवास र मित्रताले नै वर्तमान विराटनगर निर्माणको खाका कोरेको उल्लेख पाइन्छ ।

ब्रिटेनबाट व्यापारको बहानामा भारत छिरेर उपनिवेश कायम गरेपछि पूर्वी क्षेत्रमै प्रभुत्व कायम गर्न लागि परेका अङ्ग्रेजहरू तिब्बतलाई रुसको प्रभावमा पर्न दिने पक्षमा थिएनन् । बिसौँ शताब्दीको थालनीमै रुस एवं तिब्बत बिच मैत्रीपूर्ण सम्बन्ध कायम हुँदै तिब्बती प्रमण्डल रुस गएको समाचार बाहिरिएपछि तिब्बत माथि आक्रमण गर्ने निश्चय गरेको ब्रिटिश भारत सरकारले नेपालको राणा सरकारसँग नेपालको पूर्वी क्षेत्र हुँदै जानदिने लगायतका थप सहायता मागेपछि भारदारी बसाएर छलफल पनि गरियो (के.सी., २०७८) । भाइ भारदारहरूको राय विपरीत अङ्ग्रेजलाई सहयोग गरेका चन्द्रशमशेरले पूर्वी क्षेत्र अर्थात् मोरङको महत्त्व बुझेपछि सुब्बा कालिदास कोइरालालाई नै हाकिमको पद दिएर त्यस क्षेत्रको बन्दोबस्तको जिम्मा दिएकाले दाजुसँगै पुगेका कृष्णप्रसाद कोइराला व्यापारिक सम्भाव्यता बुझ्ने क्रममा मारवारीहरूको संगतमा पुगेका थिए । फारविसगञ्जसम्म आउने रेल सेवाले गर्दा कलकत्ताबाट आउने व्यापारिहरूद्वारा केही फुस र टिनका घरमात्र रहेको सानो रंगेली नामक मोरङको सदरमुकाममा खडा गरेका व्यापारिक गोलाको व्यवस्थापनमा सघाएका कालिदास कोइरालाले बजार विस्तारमा ध्यान दिए । केही समयमै सुब्बा कालिदासको अन्यत्रै सरुवा भएपछि दाजुसँगै जान अस्वीकार गरेका कृष्णप्रसाद कोइरालाले दाजुबाट त्यहिँ बस्ने अनुमती पाएपछि मोरङको केन्द्रका रूपमा रंगेली अनुपयुक्त ठहऱ्याई हनुमानदास एवं चक्रपाणी जस्ता केही उत्साही नेपाली नवयुवक कर्मचारीसँग मिलेर गोग्राहा बजार स्थापना गरी विराटनगरको शिलान्यास गरेका हुन् ।

सिजनका बेलामा आउने भारतीय व्यापारीहरूले मोरङ क्षेत्रका लागि आवश्यक लत्ता कपडा, गरगहना ल्याउने र धान, सनपाट लगायत खाद्यान्न भारत लग्ने गर्दै आएको भए तापनि पानी र औलोको डरले गर्दा एका बिहानै आएर साँझ फर्कने गर्दै रहेको अवस्थामा गोग्राहाको स्थापना पछि परिवर्तन आउन थाल्यो । कडा परिश्रम गर्ने मेहनती मानिएका मारवारीहरू भारत राजस्थानबाट छरिने क्रममा पहिले बंगलादेश पुगेका थिए । त्यहाँबाट व्यवसाय विस्तार क्रममा सिक्किम आसाम, दार्जिलिङ हुँदै इलामको फिक्कलबाट एउटा समूह मोरङ प्रवेश गऱ्यो भने अर्को समूहले भारतको कलकत्ता केन्द्र बनाएर कारोबार गर्न थाल्यो (सम्पत नौलखा, अन्तर्वार्ता, २०६९ फागनु १७) । रंगेलीमा हरखचन्द्र-विश्वनाथ, पदमचन्द्र-उदयचन्द्र, फत्तेचन्द्र-शिवदत्त राय, चीमनीराम-भगतराम आदि व्यापारिहरू हिउँदमा आएर व्यवसाय गर्ने र वर्षातमा फर्कने गरिरहेको अवस्थामा चाँदमल-लुनकरण दुगड, धनराज पारख, सुगनचन्द-विनयचन्द नाहटा, रतनचन्द्र नौलखा जस्ता मारवारीहरूले मोरङको व्यापारलाई स्थायित्व दिएका थिए (खरेल, २०६४) । वर्तमान विराटनगरको बुधहाटमा राज्यद्वारा महङ्गो लगानी गरेर ४ वटा पक्की घर बनाइदिएपछि नौलखा, दुगड, नाहटा र पारख जस्ता मारवारीहरूका चार घरानाद्वारा स्थायी बासस्थल बनाएर व्यापार व्यवसायलाई स्थायित्व दिइएको जानकारी भीमराज नौलखाले दिएका हुन् ।

राजस्थानको कालु भन्ने स्थानबाट व्यवसायका लागि निस्केका विञ्जराज नाहटाले सुगनचन्द, वनैचन्द र पदमचन्द जस्ता तीन छोराहरू सहित भएर भारतको कलकत्ता, फारवेशगञ्ज र नेपालको विराटनगरबाट विञ्जराज वनैचन्द नाहटाका नामबाट जुटको व्यापार थालेका थिए (नाहटा, २०६७)। तीन ठाउँमा व्यापार सञ्चालन गरेका नाहटा परिवारको मुख्य बासस्थल विराटनगर भएपछि यतै जन्मने सन्तानहरूमा नेपाल मोह बढ्ने अवस्था भएकाले सामाजिक, आर्थिक, राजनीतिक गतिविधिमा संलग्न हुने क्रम बढ्दै गयो। गोग्राहा बजारका संस्थापक कृष्णप्रसाद कोइरालाद्वारा नयाँ ठाउँलाई महत्वपूर्ण बनाउने लक्ष्य अनुरूप काली मन्दिरको स्थापना गरेर मूर्ति-घण्टा लगायतका उपकरण झिकाएर ठुलो समारोह साथ प्राण प्रतिष्ठा गरिएपछि विभिन्न पौराणिक, ऐतिहासिक धारणा, किंवदन्ती, पौराणिक ग्रन्थ आदिका आधारमा विराटनगर नामाकरण गरिएको उल्लेख पाइन्छ (कोइराला, २०४०; पराजुली २०७९)। विराटनगरको उन्नतिमा ध्यान दिने कार्यलाई पहिलो प्राथमिकता दिएका उनले बाटोघाटोको निर्माण, सुधारमा ध्यान पुऱ्याउने, भारतको रेल सेवालाई विस्तार गरेर निकटसम्मै ल्याइदिन अङ्ग्रेज कम्पनीसँग लेखापढी गर्ने, स्कुल-हुलाक आदिको स्थापना सञ्चालनको प्रबन्ध मिलाइदिने र व्यापार व्यवसायमा लागेका व्यापारी मारवारीहरूसँग पारिवारिक स्तरकै सम्बन्ध कायम गरी आफ्नो घर परिवारसम्मै पहुँच दिने काम गरेर मन जिति समाज सुधारको अगुवा बन्ने प्रेरणा पनि दिइरहे।

## अनुसन्धान विधि र सामग्री

व्यापार व्यवसायको दीक्षा लिएर नेपालको प्रजातान्त्रिक आन्दोलनमा समर्पित भई सर्वस्व अर्पण गर्ने भारतीय मूलका माडवारी रुपचन्द्र नाहटाको निस्वार्थ भूमिकाका बारेमा ऐतिहासिक रूपले विश्लेषण गरिएको यो आलेख विश्लेषणात्मक पद्धतिबाट तयार पारिएको गुणात्मक ढाँचाको अनुसन्धान हो। नेपाली काङ्ग्रेसको सशस्त्र सङ्घर्ष माथि केन्द्रित पुस्तक, लेखहरू, पत्रपत्रिका, रुपचन्द्रका बारेमा लेखिएका र प्रकाशन भएका सस्मरणहरूसँगै उनका सहकर्मी सेनानीहरू आदिका अन्तरवार्ता, धारणाहरू आदिबाट जुटाइएका तथ्यहरूको सत्यता परीक्षण गरी प्रमाणिक ठहऱ्याइएपछि विश्लेषणका क्रममा प्रयोग गरिएको छ। रुपचन्द्र नाहटाका कार्य र भूमिकालाई केन्द्रमा राखी व्याख्यात्मक तरिकाबाट विषयवस्तु एवं घटनाक्रमहरू विश्लेषण गरी कुनै राजनैतिक लाभको चाहनाविना उनले गरेका कार्य र योगदानमा केन्द्रित रही उनले गरेका ऐतिहासिक विषयवस्तुको खोज गरिएको छ।

## राजनैतिक यात्रामा रूपचन्द

मारवारीहरूलाई व्यापार व्यवसायमा आइपर्ने समस्या समाधानमा साथ सहयोग दिनेदेखि सामाजीकरणमा सघाएर पारिवारिक सम्बन्ध थप मजबुत बनाउने बानीले गर्दा कृष्णप्रसाद कोइराला सबै व्यापारी-मारवारी आदिका अभिभावककै स्थानमा पुगेका थिए। नाहटा परिवारका विञ्जराज एवं वनैचन्द बिच व्यापारिक भागबण्डा भएपछि व्यवसाय बिग्रिएको अवस्थामा नौलखा परिवार समेतको सहयोग लिएका कृष्णप्रसाद कोइरालाले सुगन चन्दलगायत नाहटा परिवारको व्यवसाय सुधार्ने प्रयास थाले। उनकै प्रेरणा एवं मार्ग निर्देशनले गर्दा जे.के.अर्गानिक भन्ने व्यापारिक संस्थासँग सम्बन्ध बढाउन थालेका रूपचन्द नाहटाले रघुपति जुटमिलको मालिकसँग पनि सम्बन्ध राखेर जुटको व्यापारसँगै अरू विभिन्न वस्तुहरूको व्यापार सुरु गरेका हुन् (नाहटा, २०६७)। विराटनगरमै जन्मे हुर्केका रूपचन्द नाहटा

कृष्णप्रसाद कोइरालाद्वारा स्थापित आदर्श विद्या मन्दिरमा पढेको, सधैँ जसो घोडा चढेर पढ्न आउने सम्पन्न परिवारको सदस्य भएर पनि घमण्ड पटक्कै नभएका व्यक्ति थिए । गिरिजाप्रसाद कोइराला लगायतसँग आफ्नो पढाइ अगाडि बढाएको र जीवनभरि जस्तै दशैँ तिहार जस्ता चाडपर्वहरू सगोलमै मनाउने अवसर पाएको हुँदा उनमा सानै उमेरदेखि क्रान्तिचेत जागेको हो (कोइराला, २०६७; उमालक्ष्मी शर्मा, अन्तर्वार्ता, २०६९ फागुन २१) । जसले गर्दा व्यापारिक घरानामा जन्मिएर सुविधा सम्पन्न बाल्यकाल बिताउँदै सफल व्यवसायीका रूपमा पहिचान बनाएका रूपचन्दले नेपालको प्रजातान्त्रिक आन्दोलनको सिपाही बन्ने अप्ठ्यारो बाटो रोजे ।

प्रजातान्त्रिक आन्दोलनमा सक्रिय हुने निर्णय गर्नु अगाडि तारिणीप्रसाद कोइराला, केशवप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला आदिसँगै पढ्ने खेल्ने गरेर हुर्किएका रूपचन्दलाई राजनीतिमा सरिक गराउने काम तारिणीप्रसाद कोइरालाले गरेका हुन् (के.सी., २०७८) । गिरिजाप्रसाद कोइराला एवं रूपचन्दका दाजु लादुराम बिच मितेरी लगाइएको वा मित लगाएको अवस्थाले गर्दा परिवारकै सदस्यको स्थान दिएको कोइराला परिवारले अन्तिम क्षणसम्म पनि सकेको साथ सहयोग दियो (कोइराला, २०६७) । कोइराला निवासका पिताजी कृष्णप्रसाद कोइराला एवं नेपाली राजनीतिका पर्याय वी.पी. कोइरालाका अत्यन्त विश्वासपात्र रूपचन्दले दिव्या कोइरालालाई आफ्नै आमासरह मानेर इज्जत दिने र दशैँ तिहार जस्ता पर्वहरू बी.पी. एवं पिताजीसँगै रहेर मनाउने गर्दथे (इन्दिरा आचार्य, अन्तर्वार्ता, २०६० वैशाख २६) । कृष्णप्रसाद कोइरालाले खोलेको उद्योगी गोलाको भित्तामा “आँट गर म पुऱ्याउँछु” भन्ने आदर्श वाक्य टाँसेर गरेका कार्य लगायतको राम्रो जानकारी पाएको हुँदा समाजसेवा, सामाजिक कार्य एवं समाज सुधारमा सक्रिय भएका यिनले कोइराला परिवारका कठिन दिनहरूमा निकै सहयोग पुऱ्याए (नोना कोइराला, अन्तर्वार्ता, २०६० वैशाख २७) । राणाशासनको नीतिले गर्दा भारत प्रवासका कष्टकर दिनहरू भोग्दै भारतीय स्वतन्त्रता आन्दोलनलाई साथ सहयोग पुऱ्याएका वी.पी.बाट भारत स्वतन्त्र हुने आभास पाएपछि नेपालबाट पनि राणा शासन समाप्त गरी प्रजातान्त्रिक शासन व्यवस्था स्थापनाको लक्ष्य अनुरूप थालेको प्रयासका अन्तमा स्थापित नेपाली राष्ट्रिय कांग्रेसको आह्वानमा विराटनगरमा नेपालको पहिलो मजदुर आन्दोलन सुरु भयो । भूमिगत रूपमा नेपाल ट्रेड युनियन कांग्रेसको गठन गरिसकेका गिरिजाप्रसाद कोइरालाले विराटनगर जुटमिलमा काम गर्ने अन्य कर्मचारी साथीहरूसँग समेत परामर्श गरेर २००३ साल फाल्गुण २१ गते सुरु गरेको मजदुर आन्दोलनमा मजदुर हकहित सम्बन्धी केही मागहरू राखेर सहयोगका लागि नेपाली राष्ट्रिय काङ्ग्रेसलाई आमन्त्रण पनि गरेका थिए (तामाङ, २०५६) । भारतको समाजवादी दलद्वारा समर्थन दिइएको उक्त आन्दोलन थालनीसँगै व्यापक भएपछि वी.पी. समेत विराटनगर पुगेर निरङ्कुश शासकसँग जुध्न व्यवस्थित आधार बनाउन लागि परे (चटर्जी, सन् १९६७) । कोइराला परिवारकै प्रत्यक्ष सक्रियता र नेतृत्वमा सुरु भएको मजदुर आन्दोलनका माग सम्बोधन गरी कोइराला परिवार एवं नेपाली राष्ट्रिय काङ्ग्रेसलाई प्रभावशाली हुन नदिने सोचमा रहेको राणा सरकारले सुरुमा वेवास्ताको नीति लिएपछि वी.पी. द्वारा दोस्रो चरणमा प्रदर्शन एवं धर्ना कार्यक्रम आयोजना गरेर सरकार विरोधी नारावाजी गर्न लगाइयो ।

सिङ्गो राष्ट्रलाई नै स्तब्ध पार्ने मजदुर आन्दोलन बढिरहेको अवस्थामा विराटनगर जुटमिलमा पुगेका रूपचन्दले गिरिजाप्रसाद कोइरालालाई भेटे । सामान्य कुराकानीपछि उनीसँग गिरिजाप्रसाद लगायतका आन्दोलनकारीहरूले आन्दोलनका लागि सहयोग मागे । त्यस दिन साथमा पैसा नलिई हिँडेका उनले तुरुन्तै हातमा लगाइरहेको औँठी, घडी र गलाको सिक्री फुकालेर चन्दा दिई सफलताको कामना गरेको बिर्सन नसकेका गिरिजाप्रसादले ठुलो सहयोग दिने दानवीर भन्दै मूल्याङ्कन गरेका छन् (कोइराला, २०६७) । मजदुर आन्दोलन चर्किन थालेपछि हस्तक्षेपको बाटो रोजेको राज्य संयन्त्रले वी.पी., गिरिजाप्रसाद, मनमोहन अधिकारी लगायतलाई गिरफ्तार गरेपछि दिव्या कोइरालाको नेतृत्वमा बाहिर निस्किएका नारीहरूले निरन्तरता दिँदै गिरफ्तारी दिए । त्यसपछि पुनः सक्रिय भएका रूपचन्दले पक्राउ परेका कोइराला निवासका नारीहरू समेतका लागि आवश्यक सरसामान पुऱ्याइदिने, कोइराला निवासको व्यवस्थापन प्रबन्ध मिलाइदिने काम गरेर सहयोग पुऱ्याएका थिए ।

मजदुर आन्दोलन पछिका दिनहरूमा पनि राणा शासन विरुद्ध सञ्चालन गरिएका आन्दोलनहरूमा महत्त्वपूर्ण सहयोग पुऱ्याएका रूपचन्दले राणा सरकारको बन्दी बनेका वी.पी.लाई सहयोग पुऱ्याउने, भारतका कतिपय महत्त्वपूर्ण व्यक्तिहरूसँग सम्पर्क राखेर प्रवासकालीन काङ्ग्रेस गतिविधिलाई सहज बनाउन प्रयास गर्ने, आन्दोलनकारीहरूका लागि स्रोत साधन जुटाइदिने काम गर्दै गए । नेपाली राष्ट्रिय काङ्ग्रेस एवं नेपाल प्रजातन्त्र काङ्ग्रेसको एकीकरणका लागि वातावरण निर्माण गर्ने भारतीय राजनीतिका महत्त्वपूर्ण व्यक्तिहरूको सद्भाव जुटाइदिने, सशस्त्र क्रान्तिको निर्णयपछि हतियार व्यवस्थापन, ओसारपसार, युद्ध वा क्रान्ति मोर्चाको व्यवस्थापनमा खटेर नेपाली काङ्ग्रेसलाई ठूलो गुन लगाएका रूपचन्द विराटनगर कब्जाका लागि आफ्ना सम्पूर्ण स्रोत साधन नै सुम्पने कर्मयोगी थिए (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत्र १) । विराटनगरका सबै जसो ठाउँ जित्दा पनि बडाहाकिम निवास कब्जामा नआएपछि चारैतिर घेरेर सुरक्षित किला झैँ बनाइसकेको उक्त निवासको पर्खाल नढालिनहुने  स्पष्ट भयो । उपाय खोज्ने क्रममा डोजर वा ट्याङ्क भएमा सजिलै पर्खाल ढाल्न सकिने कुरा आएपछि धाडेवा परिवारले कृषिका लागि आसामबाट झिकाएको चेनवाला ट्याक्टरको जानकारी दिएका रूपचन्दले फत्तेबहादुर नेपाली नामका प्राविधिकलाई लगाएर ट्याङ्क जस्तो बनाएर जुटमिलका मेकानिक्स गोरमनि वा गौरमणिलाई हाँक्न लगाई वी.पी. समक्ष पुऱ्याएपछि अगाडि बढेको मुक्तिसेनाले क्याम्पको दक्षिणी पर्खाल फोडेर प्रवेश गरी कब्जा जमाएको थियो (सुवेदी, २०५४; जीवन शाह, अन्तर्वार्ता, २०६९ फागुन १९) । २००७ सालको सशस्त्र क्रान्ति सफल पार्ने महत्वपूर्ण कार्यमा उनले पुऱ्याएको यो सहयोग प्रजातान्त्रिक आन्दोलनको महत्वपूर्ण अध्याय हो ।

२००७ सालको क्रान्ति दिल्ली सम्झौतामा टुङ्गिएपछि गृहमन्त्रीको जिम्मेवारी पाएका वी.पी.को चाहना बमोजिम रूपचन्द मोरङ काङ्ग्रेसलाई सबल बनाउन लागी परे । राणा काङ्ग्रेस सरकारको पतनपछि नेपाली काङ्ग्रेसले चलाएको प्रजातन्त्र संस्थागत गर्ने अभियान, संविधान सभाका लागि दवावमूलक कार्यक्रम, सत्याग्रह, भद्र अवज्ञा आन्दोलन, चुनावी अभियान आदि सबैमा वी.पी.को सहयोगी- साथीका रूपमा खटेर परिवारको जिम्मेवार सदस्यकै रूपमा कार्य सम्पन्न गरेको पाइन्छ (कोइराला, २०६७) । २०१५ सालको निर्वाचनमा वी.पी. समेतलाई जिताउन महत्त्वपूर्ण काम गरेका यिनले

कहिल्यै पनि आफ्नो स्वार्थ र व्यक्तिगत उन्नतिका लागि केही नमागेको कुरा कोइराला परिवारका सदस्यहरूले नै अवगत गराएका हुन् ।

## जननिर्वाचित सरकार विघटन र सशस्त्र आन्दोलनको निर्णय

वि.सं.२०१५ सालको अन्त्यतिर कसैले पनि बहुमत ल्याउन नसक्नेमा विश्वस्त भएपछि मात्र आम चुनाव गराएका राजा महेन्द्रले नेपाली काङ्ग्रेसले दुई तिहाई सहित ३८ प्रतिशत मत ल्याएर ७४ स्थानमा जितेपछि केही समयको मौनतामै शक्ति सुदृढीकरण गरिसकेर मात्र वी.पी. लाई सरकार गठनका लागि आमन्त्रण गरे । सेनाको बलमा आफू शक्तिशाली हुने भित्री लक्ष्य लिएका राजाले सेनालाई आफूप्रति सदा वफादार हुनै पर्ने व्यवस्था सहितको सैनिक ऐन जारी गरेपछि मात्र वी.पी. लाई सरकार गठनको जिम्मा दिए (पराजुली, २०७७) । २०१६ जेठ २ गते अर्थात् १६ मे १९५९ मा राजाबाट आमन्त्रण पाएपछि भेटेर सल्लाह गरी प्रक्रिया थालेका वी.पी.ले २०१६ जेठ २५ गते अर्थात् २ जुन १९५९ का दिन नेपाली कांग्रेसको एकमना सरकार गठन गरे । नेपाल र नेपालीको रूपान्तरणको सोच लिएका वी.पी. ले देशको भौगोलिक, जातीय, लैङ्गिक प्रतिनिधित्व हुने गरी पूर्ण समानुपातिक र समावेशी सरकार गठन गरेर नेपाली काङ्ग्रेस जनजाति, दलित, मधेशीदेखि महिलासम्मलाई राजनीतिको मूल धारमा ल्याएर समावेशिताको नीति अनुरूप क्रियाशील हुने प्रजातान्त्रिक पार्टी रहेको प्रस्ट पार्न खोजेका हुन् (गौतम, २०७१) । ज्योतिष शास्त्रमा विश्वास राख्ने राजा महेन्द्रले ज्योतिषीको सल्लाहमा सबै काम गर्ने बानी एवं स्वभावअनुसार तत्कालीन राजज्योतिषी महेश्वरसँग परामर्श गरेर यस संसदले काम गर्न नसक्ने र पतन गराउन सकिने समय एवं साइत हेर्न निर्देशन दिए । निकै सोच विचार एवं अध्ययन पछि २०१६ असार १ गते अर्थात् ३० जुन १९५९ को मध्यरात्री अर्थात् त्यस दिनको अन्तिम घडी र अर्को दिन सुरु नहुँदैको समयमा परेको मृत्युयोग र कालरात्रीको समयमा नयाँ संसदको कारवाही थाल्ने साइत निकालिदिए (गौतम, २०८०) । मृत्यु योगमा शपथ ग्रहण गराउँदा र काम थाल्दा संसदीय पद्धति नै छिटो सिध्याउन सकिनेमा विश्वस्त भएका राजा महेन्द्रले त्यही समारोहमै संसदको पहिलो अधिवेशन बोलाएर आफैले दिएको नेपाल अधिराज्यको संविधान २०१५ (सन् १९५८) को पूर्ण कार्यान्वयनको घोषणासँगै प्रधानमन्त्री, मन्त्रीमण्डलको संवैधानिक गठन गरेको घोषणा नै गरिदिए । त्यसपछि नयाँ संविधानअनुसार भन्दै वी.पी.लाई पुनः त्यही शपथ ग्रहण गराएका राजाले वी.पी.नेतृत्वको सरकारलाई नै मृत्यु योगमा पारेर षड्यन्त्र थालेको तथ्य नबुझेका वी.पी.राजाको साथ समर्थन पाउनेमा विश्वस्त भएर समाजवादी समाजयुक्त नेपाल निर्माणको अवधारणा अनुरूप क्रियाशील भए ।

प्रजातान्त्रिक पद्धति स्थापनाका लागि सशस्त्र सङ्घर्ष सञ्चालन गरी राणाशासन समाप्तिको आधार तयार गर्दा पनि हावामा झुण्डिएको वा बलेको मैनबत्ती जस्तो राणा काङ्ग्रेस सरकारमा बस्न बाध्य भएका वी.पी. राजिनामा दिएर बाहिरिएको ८ वर्षपछि आम चुनावमा बहुमत ल्याएपछि मात्र सरकारको नेतृत्वमा पुग्न पाए (राणा, सन् २०२३) । समाजवादी चुनाउ घोषणापत्रमा गरेका प्रतिबद्धता अनुरूप काम गर्न अग्रसर भएका उनले राजशक्ति र जनशक्ति बिच मेल कायम गरी नेपाल र नेपालीको रूपान्तरणका आधार निर्माण गर्ने खालका कार्य थाले । सिंहदरबार स्थित आफ्नो कार्यालय एवं सचिवालय व्यवस्थित गर्ने जिम्मा सुवर्णशमशेर एवं विश्वबन्धु थापालाई दिएका वी.पी. राजा महेन्द्रको

पूर्ण साथ पाउनेमा विश्वस्त भएर १५ वर्षीय योजना निर्माणसम्मका लक्ष्य लिएर बढेका थिए (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत्र १) । त्यसै क्रममा ललितपुर निवासी सुरकान्त शर्मा र तुलसादेवी कि जेठी छोरीको रूपमा २८ जुन १९३९ मा जन्मिएकी उमा शर्मा प्रधानमन्त्री कार्यालयको निजी सचिवालय टाइपिस्ट बन्न पुगिन । निस्वार्थ भावले २००३ साल देखिका हरेक आन्दोलनहरूमा तन मन धनले साथ सहयोग पुऱ्याएका रूपचन्द नाहटा वी.पी.सरकार बनेपछि प्रधानमन्त्री कार्यालयमा आउजाउ गरिरहन्थे । पहिलो नजरमा तत्कालीन वलिउड कलाकार वहिदा रहमानको झझल्को आउने राम्री केटी उमा शर्मालाई प्रधानमन्त्री कार्यालयको टाइपिस्टका रूपमा देख्दा आउने जो कसैको आँखा स्वत: नै त्यता जाने अवस्थामा रूपचन्द नाहटा जोगिने अवस्था नै थिएन (कोइराला, सन् २०१७; गिरी, सन् २०१७) । देख्ना साथ प्रभावित भएकाले भेटघाट सम्पर्क बढाउन थालेका रूपचन्दले केही दिनमै उमा शर्माको मन जितेर विवाहकै प्रस्ताव राख्ने र आफ्नो पहिला नै विवाह भइसकेकोदेखि घर परिवारबाट स्विकृति नपाउने पक्का भएकोसम्म खुलस्त जानकारी दिएर तिमीबिना बाँच्ने कल्पना गर्न सक्तिन भन्दै जीवनभरको साथ मागेका थिए (उमा शर्मा, अन्तर्वार्ता, २०६९ फागुन २१) । जस्तोसुकै दवाव परे पनि साथ नछाड्ने प्रतिबद्धता सहितको प्रस्तावबाट प्रभावित भएकी उमा शर्माले स्वीकृति दिएपछि २०१६ साल अर्थात् सन् १९६० को सुरुतिरै उनलाई विवाह गरेका रूपचन्दले जीवनको अन्त्यसम्म पनि उनलाई छाड्न मानेनन् । अन्तर्जातीय विवाह हत्तपत्त स्वीकार नगर्ने मारवारी समुदायमा पहिलो विवाह भइसकेको छोराले नेपाली बाहुनकी छोरीलाई दोस्रो पत्नी बनाएपछि निकै खलबली भयो । विवाद चलिरहेकै अवस्थामा उमालाई छाड्न आएको दवाव विरुद्ध आफ्नो परिवारका सदस्यहरूलाई कठोर जवाफ दिएका रूपचन्दले उमालाई दुई रुपैयाँको सिन्दुर हालेर विवाह गरेको नभएर आफ्नै रगतले सिन्दुर भरेर विवाह गरेको जनाएर कुनै हालतमा नछाड्ने प्रस्ट पारेका थिए (नाहटा, सन् २०१७) । उक्त धारणाबाट परिवारमा द्वन्द्व उत्पन्न भएपछि दृढता साथ उभिएकी उमा शर्माले कहिल्यै पनि परिवारमाथि दवाव नदिने नीति लिएर रूपचन्दलाई अप्ठ्यारोमा पर्न दिइनन् ।

पहिलो आम निर्वाचनभन्दा अगाडिको अस्थिरता कालमा गरिएका गलत निर्णयहरूदेखि राजा महेन्द्रले बनाएको प्रशासनिक संरचनासम्मले गर्दा प्रशासनिक अवस्था भद्रगोल जस्तै भएका बेला वी.पी. नेतृत्वको सरकार प्रशासनिक पुनर्गठनतर्फ लाग्दा विरोध भयो (गुप्ता, सन् १९९३) । त्यसबाट फाइदा उठाउन चाहेका राजा महेन्द्र आफ्नो भित्री लक्ष्यअनुरूप क्रियाशील भए । भित्रभित्रै कदम चालेर स्वार्थी प्रवृत्तिदेखि अवसरवादी चरित्रकासम्मलाई साथ लिएका उनले षड्यन्त्रका थाली नेपाली सेनाको राष्ट्रवादिता र राजभक्तिबाट फाइदा उठाउँदै संविधानको धारा ५५ सिरानी हालेर असंवैधानिक कदम चाले । २०१७ साल पौष १ गते (१५ डिसेम्बर १९६०) का दिन उठाइएको उक्त कदमले जननिर्वाचित प्रधानमन्त्रीलगायत भेटेजति मन्त्री, सांसद, नेताहरूलाई बिनाअभियोग बन्दी बनाउने, संसदीय व्यवस्था समाप्त पार्ने, संविधान निलम्बन गर्ने र राजाकै नेतृत्वमा सरकार बनाएर पञ्चायती व्यवस्था घोषणा गरी शाही निरङ्कुशता स्थापना गर्ने कार्य भयो ।

पौष १ (डिसेम्बर १५) को कदमसँगै देशैभरि धरपकड तीव्र पार्ने र भेटेजति राजनैतिक दलका नेताहरूलाई बन्दी बनाउने काम भयो । काम विशेषले विदेश काजमा गएका काशीनाथ गौतम र परशुनारायण चौधरीसँगै मंसिर २९ (डिसेम्बर

१४) का दिन आफ्नो व्यवसाय सम्बन्धी कामले गर्दा कलकत्ता गएका उपप्रधानमन्त्री सुवर्णशमशेर पक्राउबाट जोगिए (श्रीभद्र शर्मा, अन्तर्वार्ता, २०५९ असार २२) । मीनबहादुर गुरुङ, शिवराज पन्त, जमानसिंह गुरुङ, डि.के.शाही, शिवप्रसाद शाह आदि मन्त्री उपमन्त्रीहरू अङ्गरक्षकहरूका आँखा छली उम्केर भागे भने अन्य विभिन्न नेताहरू भूमिगत भएर लुक्तैछिप्दै भारत पुगे । भेटेजतिलाई समातेर थुन्ने राजाको आदेशमा देशका महत्वपूर्ण व्यक्तित्वहरू शाही बन्दी बने भने उम्केर भारत पुगेका नेता कार्यकर्ताहरूले एकजुट भएर छलफल गरी चुप बस्न नहुने निष्कर्ष निकाल्दै केशव कोइरालाको नेतृत्वमा नेपाल एक्सन कमिटी गठन गरी शाही कदमको तीव्र निन्दा गरे (अधिकारी, २०४५) । वी.पी. पछिका नेता सुवर्णशमशेर कलकत्तामा रहेको बुझेका उनीहरू त्यहाँबाट कलकत्ता पुगि उचित रणनीति बनाएर बढ्न सुझाव दिए ।

साथीहरूका कुरा सुनेपछि आश्वस्त बनाएर पठाएका सुवर्णशमशेरले कुटनैतिक भेटघाटपछि आफ्ना सूत्रद्वारा शाही पहरामा रहेका वी.पी. सँग सम्पर्क राखी सन्देश निर्देशन ल्याउने र भावी नीति निर्धारणका लागि पार्टीको पटना सम्मेलन बोलाउने प्रबन्ध मिलाए । २०१७ साल माघ १२-१४ (२५-२७ जनवरी १९६१) मा सम्पन्न पटना सम्मेलनले सुवर्णशमशेरलाई पार्टीको कार्यवाहक अध्यक्ष चुनेर राजाको पक्षमा गएकाहरूलाई पार्टीबाट निकाल्ने, शाही कदम विरुद्ध सशक्त आन्दोलन गर्ने लगायतका निर्णय गरी आन्दोलनको स्वरूप समेतको निर्णय गर्ने अधिकार सुवर्णशमशेरलाई नै सुम्पियो (गौतम, २०६४) । आफ्ना विश्वासपात्र साथीहरूसँग छलफल, परामर्श, गोप्य सम्पर्क गर्ने, भारतीय मित्रहरू एवं राज्य पक्षसँग कुटनैतिक छलफल सम्बन्ध कायम गरी वातावरण मिलाउने, हातहतियार, गुरिल्ला सेना आदिको प्रबन्ध मिलाउने कार्यद्वारा सशस्त्र सङ्घर्षको तयारीमा लागेका सुवर्णशमशेरले राजा महेन्द्रसँग सम्पर्क प्रयास पनि गरिरहे । सुरुदेखि नै संवाद सूत्र कायम गर्न उत्सुक नदेखिएका राजा महेन्द्रले भारतीय सर्वोदय नेता जयप्रकाश नारायणलाई समेत नटेर्ने र देशभित्र दमन तीव्र पार्ने गरेकाले नेपाली काङ्ग्रेसका तरुणहरू निकै आक्रोशित भए । राजाको निरङ्कुशतन्त्र छिटो अन्त्य नगरी नहुने पक्षधर भरतशमशेर, सरोज कोइराला, जगन्नाथ आचार्यलगायतका तरुण कार्यकर्ताहरूको पक्षमा सबै जसो देखिएपछि वार्ताका लागि राजालाई दवाव दिन सशस्त्र सङ्घर्ष गर्ने निर्णय गरेका सुवर्णशमशेरले उक्त सङ्घर्ष “हान र भाग” को व्युहरचना अनुरूपको सशस्त्र छापामार युद्ध हुने प्रस्ट पारिदिए ।

हान र भागको रणनीति कार्यान्वयन गर्न थोरै जनशक्ति एवं साधनले पनि सम्भव हुने ठहऱ्याएपछि करिब ३०००-३२०० जतिको मुक्ति सेना सङ्गठन गरेका सुवर्णशमशेरले तालिम लगायतका प्रक्रिया पुऱ्याए (परमानन्द, सन् १९८२) । भारतका विभिन्न शहर एवं ठाउँहरूमा शिविर एवं क्याम्पहरू खडा गरी नेतृत्व तोकेर जिम्मा दिएका उनले कर्णेल शशिरशमशेरलाई सशस्त्र सङ्घर्षको चिफ कमाण्डर नियुक्त गरी हरेक शिविरमा शैनिक कमाण्डरको व्यवस्था मिलाइदिए । सङ्घर्ष प्रभावकारी बनाउन स्थापित आठवटा शाखा अर्थात् मुख्य शिविरहरूमध्ये राजधानी काठमाडौं प्रवेशको मुख्य नाका रक्सौल शाखाको कमाण्डरमा आफ्ना विश्वासपात्र तेजबहादुर अमात्यलाई राखी राजधानीसमेतको प्रशासनयन्त्र पङ्गु बनाएर राजालाई पार्टीसँग सम्झौता नगरी नहुने अवस्था सिर्जना गर्ने जिम्मा दिए (हेमराज अधिकारी, अन्तर्वार्ता, २०७६ आश्विन ४) । देशभित्र रहेका नेता-कार्यकर्ता समेतका साथीहरूलाई पत्राचार, सम्पर्क, गोप्य भेटघाट गरेर क्रियाशील पार्ने, तरुण विद्यार्थीहरूलाई आह्वान निर्देशन गर्ने, राजा महेन्द्रको जन्मदिवशलाई विरोध दिवशका रूपमा

मनाउने निर्णय पठाउने, गुरिल्ला तालिम सञ्चालन गरी हातहतियार उपलब्ध गराउने, मुक्ति सेना गठन कार्य बढाउने र प्रचार प्रसारको समुचित व्यवस्था गर्ने गरेपछि २०१८ साल कार्तिक २६ (११ नोभेम्बर १९६१) का दिनदेखि सुरु भएको सशस्त्र सङ्घर्ष देशका दुर्गम पहाडी इलाका बाहेक सबै जसो ठाउँहरूमा पुगेर सरकारी संयन्त्रहरूलाई प्रभावित गऱ्यो । हान र भागको व्युहरचना अन्तर्गत ठूलो आवाज गर्ने तर मानवीय एवं भौतिक क्षति अत्यन्त कम गर्ने स्वरूपका बम बनाएर आफ्नो कार्यक्षेत्रमा निकै हलचल मच्चाएका रक्सौल शाखा कमाण्डर तेजबहादुर अमात्यले राजधानीको अवस्था अस्तव्यस्त पार्ने लक्ष्यअनुरूप सुवर्णशमशेरको सहयोगमा गरेका प्रयासहरूमा अत्यन्त महत्वपूर्ण सहयोग पुऱ्याउनेहरूमध्ये रूपचन्द नाहटाको नाम अग्रस्थानमा आउँदछ ।

**सशस्त्र आन्दोलनमा रूपचन्द नाहटा**

२०१५ साल फाल्गुण ७ गते (१८ फरवरी १९५९) बाट सुरु भएको आम चुनावमा नेपाली काङ्ग्रेसले दुईतिहाईको बहुमत पाएर वी.पी. नेतृत्वको सरकार गठन गरेपछि अत्यधिक खुसी भएर विराटनगरमा दिपावली गर्नेहरूमा रूपचन्द नाहटा पनि मुख्य थिए (सुशिल कोइराला, अन्तर्वार्ता, २०६० पौष २५) । भारतमा जन्मेर पनि नेपाललाई कर्मभूमि बनाएका राष्ट्रवादीको पहिचान बनाएर सर्वसाधारणमा पनि समाजवादी व्यवहारिक र चिन्तन आवश्यक छ भन्ने क्रियाशील रूपचन्द नेपाली काङ्ग्रेसको इमान्दार समर्थक एवं साधारण सदस्य थिए । कोइराला परिवारमा सदस्य सरहको स्थान पाएका रूपचन्दले कहिल्यै पनि आफ्ना लागि केही चाहना प्रकट गरेनन् । वी.पी. नेतृत्वको सरकार बनेपछि पनि निस्वार्थ भावले समर्पित भएर काम गर्ने रूपचन्द नाहटालाई प्रधानमन्त्री वी.पी. ले नै अर्थमन्त्री सुवर्णशमशेरका माध्यमबाट सरकारका तर्फबाट गर्न मिल्ने र उनका लागि व्यवसायिक आधार बन्ने व्यवस्था बारे सोध्न लगाए (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत्र १) । सुवर्णशमशेरको आग्रहपूर्ण सोधाइ पछि सरकारी तवरबाट दिने भए नेपाल वायुसेवा निगमको पटना एजेन्टको जिम्मा दिनका लागि अनुरोध गरे । त्यो त ठूलो कुरा भएन त्यस बाहेक अरू के व्यवस्था गरिदिउँ भन्दै पुनः सोधेका सुवर्णशमशेरलाई सान्दाजु नेतृत्वको सरकारले नेपाल र नेपालीको अनुहार अवस्था बदल्ने अभियान पूरा गरोस् मलाई त्यति दिए त्यसमै रमाएर नेपाली काङ्ग्रेस नेतृत्वको सरकारलाई सघाउँछु भनेका रूपचन्दले निष्ठा विश्वास प्रकट गरे (उमा शर्मा, अन्तर्वार्ता, फल्गुण २१, २०६९) । उनको चाहना भावना बुझेपछि नेपाल वायुसेवाको पटना सेक्टरका लागि जी.एस.ए.अर्थात् स्थायी सरकारी एजेन्ट तोकेर जिम्मेवारी दिएका सुवर्णशमशेरले परेको हरेक सहयोग गर्न सरकार तत्पर रहेको वचन दिई बिदा गरेको कुरा उमा शर्माले नै जानकारी दिएकी हुन् ।

नेपाल वायुसेवाको पटनाबाट हुने सम्पूर्ण कार्यहरूको जिम्मा पाएका रूपचन्दले भारतका विभिन्न ठाउँहरूबाट फलफूल ल्याई दरबार, सरकारमा रहेका व्यक्ति एवं सम्भ्रान्त परिवारहरूका घरसम्मै पठाइदिने पनि गर्न थाले । नेपाल वायुसेवाका जहाजहरूलाई सबल बनाउन भारतीय वायुसेवाका कर्मचारी एजेन्ट आदिसँग उपाय सोध्ने र प्राप्त सुझाव अनुरूप काम पनि गर्ने गर्दै स्थिति सुधार्न लागेका बेला राजा महेन्द्रले प्रजातन्त्र समाप्त गरेकाले रिसाएका रूपचन्द विश्वबन्धु मन्त्री बनेपछि भेट्न पुगे । उनको आक्रोसलाई थामथुम पारेका विश्वबन्धुले राजाबाट मात्र केही समयका लागि उठाएको यो कदमबाट उत्पन्न अवस्था छिटै अन्त्य हुन्छ आफ्नो काम इमान्दार भएर गरेमा केही हुँदैन भन्दै पटना

एजेन्टको जिम्मेवारी नखोसिने र सान्दाजु समेत छिटै मुक्त हुने भनी पूर्ववत् काममै लगाए (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत्र १) । अर्कातिर राजाबाट उठाइएको असंवैधानिक कदम फिर्ता लिन बाध्य पार्ने लक्ष्यसहित सशस्त्र सङ्घर्षको निर्णय गरेको नेपाली काङ्ग्रेसले बेलायतकी महारानीको नेपाल भ्रमणका बेला राजधानीको जनजीवन अस्तव्यस्त पारी राजालाई वार्ताको टेबुलमा नआई नहुने अवस्था सिर्जना गर्ने निर्णय गरेर अभियान सुरु गऱ्यो ।

२०१७ साल फागुन १५-१८ (फेब्रुअरी २६-२८ र १ मार्च १९६१) का लागि निर्धारित बेलायती महारानीको भ्रमण क्रममा डाइनामाइटद्वारा विध्वंश मच्चाउने, फर्पिङ्ग जलविद्युत गृहमा विष्फोटन गराएर काठमाडौँलाई अन्धकार बनाउने, सुन्दरीजल विद्युत गृह उडाउने र सैनिक बन्दी गृहको विद्युत लाइन काटेर वी.पी. समेतलाई भगाउने योजना कार्यान्वयनका लागि जगन्नाथ आचार्यलाई मुख्य व्यक्ति बनाएर सबै प्रबन्ध मिलाउन काठमाडौँ पठाइयो आचार्य ( सङ्कलन), २०७३) । रक्सौल शाखाको व्यवस्थापन एवं निगरानीमा पठाइएका बम एवं डाइनामाइटहरू सुरक्षित काठमाडौँ पुऱ्याउन व्यापारीहरूका सामान ल्याउने विश्वासिला एजेन्टहरू बारे जानकारी उपलब्ध गराएका रूपचन्दले सुवर्णशमशेरको सचिवालयका विश्वासी सदस्य योगप्रसाद उपाध्याय समेतलाई प्रभावित पारेका हुन् । काठमाडौँमा भूमिगत काम गरिरहेकाहरूलाई आवश्यक खर्च पर्च पुऱ्याइदिने, सुवर्णशमशेरको सन्देशपत्र आदि वी.पी. लगायतलाई पुऱ्याएर उत्तर ल्याइदिने र नेपालभित्र एवं बाहिरका क्रान्तिकारीहरू समक्ष सन्देश, समाचार, निर्देशन आदान प्रदान गर्ने काम पनि कसैले सुइको नपाइकनै पुरा गरे (नोना कोइराला, अन्तर्वार्ता, २०६० वैशाख २७) । राजाको मन्त्री बनेर गृहमन्त्रालय समेतको जिम्मेवारी पाएका विश्वबन्धु थापादेखि राजदरबारसम्म नै फलफूल लगायतका आवश्यक अन्य सामानहरू भारत सहितबाट ल्याएर पुऱ्याइदिने काम गर्दै सबैको विश्वासपात्र बनेका रूपचन्दलाई कसैले पनि काङ्ग्रेसको क्रान्तिकारी, जासुस एवं सन्देशवाहक हुन सक्छ भन्ने शङ्का पनि नगरेको जानकारी विश्वबन्धु थापा समेतबाट पाइएको हो ।

बेलायतकी महारानी एलिजावेथ द्वितीयको भ्रमण क्रममा गर्न खोजेका विष्फोटन असफल भई भ्रमण निर्विघ्न सम्पन्न भएपछि हान र भागको व्युहरचनाअन्तर्गत विधिवत गुरिल्ला युद्ध घोषणा गरेको नेपाली काङ्ग्रेसले नेपाली जनताका नाममा एक वक्तव्य प्रकाशित गऱ्यो । २०१८ साल कार्तिक २६ गते (११ नोभेम्बर १९६१) का दिन जारी उक्त वक्तव्यमा नेपाली जनताले प्राणको बाजी लगाएर २००७ साल (१९५०-५१) मा प्राप्त गरेको प्रजातन्त्र राजा महेन्द्रले असंवैधानिक किसिमले खोसेकोले सङ्घर्षको परिस्थिति भएको प्रस्ट पारेर जनभावना विपरीत मनपरि शासन गर्ने अधिकार राजालाई पनि नहुने प्रस्ट पार्न सशस्त्र सङ्घर्षमा संलग्न हुन आम जनसमुदायलाई आह्वान गरिएको थियो (गौतम, २०७१) । त्यसपछि सुरु भएको सशस्त्र सङ्घर्षले मुलुकका विभिन्न भागहरूमा आक्रमण, प्रत्याक्रमण हुने, सरकारी दमनको विभत्स सिलसिला चलि रक्तरंजित काण्डहरू हुने, देशभक्तहरूको विभत्स हत्यासँगै पक्रेर चरम यातना दिने, जेलनेल सर्वस्वहरण आदि सजाय तोक्ने क्रम चल्यो । देशव्यापी हलचल ल्याएका घटनाबाट प्रभावित धेरै तरुणहरूले भारत स्थित काङ्ग्रेसका शिविरहरूसम्मै पुगेर तालिम लिने, योजनाअनुरूप कार्य अन्जाम दिने गर्न थाले । ५०० भन्दा बढी हिट एण्ड रन अर्थात् हान र भागका कार्यक्रम भएर गुरिल्ला शैलीमा आक्रमण गरी सुरक्षा व्यवस्था खल्बल्याउनेदेखि

राजधानीमा अत्यावश्यक सामान पठाउने डिपोमा आक्रमण गर्नेसम्मका कार्यद्वारा हायलकायल बनाउने काम भयो (शर्मा र पन्थी, २०६३; गौतम, २०७७) । प्रशासक एव. सुरक्षकर्मी आत्तिने क्रम बढेपछि जनसमक्ष पुगेर जनतालाई नेपाली कङ्ग्रेससँग सावधान रहन आह्वान गर्ने र आफ्नो कदमको औचित्य पुष्टि प्रयास गरी विरोध गर्ने प्रयास गरी देशघातीलाई नछाडिने प्रस्ट पार्न थालेका राजा महेन्द्रलाई नै सबक सिकाउने नीति लिएको नेपाली काङ्ग्रेसले जनकपुर भ्रमण क्रममै वम प्रहार गरेर जनअसन्तुष्टिको झलक देखाइदियो । मानवीय क्षतीको क्षमता नभएको तर तर्साउन आवाज ठूलो आउने गरी बनाइएको उक्त बम विस्फोटनबाट सकुशल बचेका राजा महेन्द्र तर्सिएको अवस्थामा निर्णायक प्रहार गर्न आवश्यक देखियो ।

राजधानीकै जनजीवन अस्तव्यस्त पारी वार्तामा नबोलाई नहुने परिस्थिति निर्माण गर्ने सोच लिएपछि नेपाली काङ्ग्रेस परामर्षमा लाग्यो । महामन्त्री परशुनारायण चौधरी, बेनीबहादुर कार्की, शशीशमशेर, काञ्चनशमशेर आदिसँग गोप्य परामर्श गरेका सुवर्णशमशेरले राजधानी केन्द्रित निर्णायक प्रहारको तारतम्य मिलाउन रक्सौल शाखा कमाण्डर तेजबहादुर अमात्यलाई प्रभावकारी योजना बनाउने जिम्मा दिए (भुपेन्द्रलाल नेपाली, अन्तर्वार्ता, २०६० जेठ २९) । काठमाडौँ उपत्यकाका गाउँ बस्तीसम्मै भिजेका र किसान नेताको छवि बनाएका भक्तपुरका जगन्नाथ आचार्य, पर्साका भागवत यादव आदिसँग सल्लाह गरेका नेता अमात्यले पनि राजधानीका आफ्ना सूत्रहरू समेतको परामर्शमा राज्य पक्षको क्रियाशीलतामा प्रभाव पर्ने गरी एकै दिन एकै समयमा २६ ठाउँमा टाइमवम विष्फोटन गराएर जनविद्रोहको झलक देखाउने कार्यक्रम बनाए । राजधानी उपत्यकाका विभिन्न संवेदनशील ठाउँहरूमा व्यापक तोडफोड गर्ने, महत्त्वपूर्ण पुलहरू, सरकारी कार्यालयहरू, रेडियो स्टेसन, आकाशवाणि, विमानस्थल टावर, नारायणहिटी एवं सिंहदरबारका ढोकाहरू, पुलिस हेडक्वार्टर लगायतका ठाउँहरूमा शक्तिशाली टाइमबम विस्फोटन गराएर राज्य संयन्त्र निकम्मा पार्ने योजना प्रस्तुत गरेका तेजबहादुर अमात्यले सुवर्णशमशेरको सहमतीमा शशीशमशेर समेतबाट अनुमति पाए (ओमकारप्रसाद श्रेष्ठ, अन्तर्वार्ता, २०८० जेठ ६) टाइमबमको फ्युज र बम छुट्टाछुट्टै ल्याएर सेटिङ्ग गर्नु पर्ने र निश्चित समय मिलाएर सक्रिय पारेपछि निर्धारित समयमा विष्फोट हुने भएकाले सेटिङदेखि विष्फोटन गराउने कलामा पोख्त मानिसको आवश्यकता पर्दथ्यो । सुवर्णशमशेरको सङ्केत पाएपछि उक्त कामका लागि ओमकारप्रसाद श्रेष्ठ, श्रीकृष्ण वैद्य, श्यामलाल श्रेष्ठ, मुकुन्द शर्मा उपाध्यायको चयन उपयुक्त हुने ठहऱ्याएका जगन्नाथ आचार्यको परामर्शमा भरतशमशेर समक्ष पठाएका तेजबहादुर अमात्यले विश्वास गरी कार्य जिम्मा दिन अनुरोध गरे (योगप्रसाद उपाध्याय, अन्तर्वार्ता, २०७६ पौष २८) । उनीहरूलाई थप परीक्षण गरेर परखेपछि जिलेटिनको फ्युज प्रयोग गर्ने, जेलिगनाइटको सेटिङ गर्ने, टाइमवम सेटिङ गरेर पडकाउने तालिमका लागि छानेका भरतशमशेरले कलकत्ता शहर बाहिर डावर कम्पनीको कारखाना, गोदाम क्षेत्रसँगै बुट्यान पनि भएको पर्खालले घेरिएको ठाउँमा राम्रोसँग तालिम दिए । त्यसपछि काठमाडौँ मिसनका लागि गर्ने कार्यबारे संक्षिप्त जानकारी दिई केही फ्युज बिनाका टाइमवम एवं जेलिगनाइट पनि उपलब्ध गराएर काठमाडौँ पठाएका भरतशमशेरले फ्युज सहितका बाँकी सामग्री एवं अन्तिम निर्देशन पाएपछि कार्य अन्जाम दिन जिम्मा दिएको उल्लेख पाइन्छ (श्रेष्ठ (क), २०६७; थपलिया, २०६७) । प्राप्त जिम्मेवारी खुसी साथ स्वीकार गरेका चारैजना तरुणहरू कलकत्ताबाटै छुट्टाछुट्टै आई रक्सौलमा भूमिगत रूपले रहेका साथीहरूसँग भेटेर ल्याएका सामान पार गराई काठमाडौँ पुऱ्याउन लगाई आ-आफ्नै किसिमले घर पुगि एक्ला एक्लै एक्सन विन्दु पहिचानमा लागेका थिए

राजा महेन्द्रको प्रजातान्त्रिक व्यवस्था एवं सरकार विरोधी कार्यबाट असन्तुष्ट भएका रूपचन्द नाहटा प्रत्यक्षतः विश्वबन्धु थापाको सल्लाह अनुरूप क्रियाशील भएको देखाउने तर सुवर्णशमशेरको सल्लाह सम्पर्कमा रहेर काम गर्ने गर्दै थिए । सूचना आदान प्रदानका लागि गुप्त स्थान एवं सूत्र बनाएका सुवर्णशमशेरको चाहनाअनुसार भारतबाट समाचार, चिठीपत्र, सन्देश आदि नेपालमा पुऱ्याइदिनेदेखि नेपालबाट कागजपत्र-समाचार भारत लगि दिने गरिरहेका रूपचन्द राजधानी केन्द्रित गतिविधिमा लागेकाहरूका समेत भरोसायोग्य व्यक्ति थिए । काठमाडौं केन्द्रित विध्वंशात्मक कार्य योजनाको निश्चय गरेपछि पहिलादेखि नै अफिसियल सम्पर्कमा रहिरहेका र सशस्त्र सङ्घर्षमा सुवर्णशमशेरको सचिवालय सम्हाली रहेका योगप्रसाद उपाध्यायलाई पनि स्पष्ट सङ्केत दिएका सुवर्णशमशेरले रूपचन्दलाई उनी समक्ष पठाए । सुवर्णशमशेरका छोरा एवं सशस्त्र सङ्घर्षमा कलकत्ताको सम्पूर्ण कार्य हेर्ने कञ्चनशमशेरले निकै सावधानीपूर्वक रूपचन्द नाहटालाई काम लगाए । सक्रियतापूर्वक सङ्घर्षका कामहरू अन्जाम दिएका रूपचन्दले पनि योगप्रसाद उपाध्याय एवं कञ्चनशमशेरको कुरा सुनिसकेपछि सम्पूर्ण रूपले साथ दिने सहमती दिए । सुवर्णशमशेरको निर्देशनमा काम गरिरहेका कञ्चनशमशेर, शशीशमशेर, परशुनारायण चौधरी, योगप्रसाद उपाध्याय आदिले वमहरू काठमाडौं पुऱ्याउन भनेपछि नेपाल वायुसेवाको पटना काठमाडौं उडानबाट आफ्नो व्यापारिक सामान फलफूलका टोकरीका पिँधमा वम लुकाउँदै पुऱ्याउँदै गरेका रूपचन्दले पटक पटक भनिएकाहरूलाई हस्तान्तरण गरिरहे । काठमाडौंमा निर्णायक विष्फोटन गराउने तरुणहरू फर्केर अन्तिम निर्देशन पर्खेका बेला टाइमवमका ३० थान फ्युज एवं जेलिगनाइट बम पुऱ्याइ हाल्न परेकाले रूपचन्दलाई नै जिम्मा दिने काम भयो (उपाध्याय, २०६७) । सुवर्णशमशेरको भावना बुझेर पहिला नै काम गर्ने प्रतिबद्धता जनाइसकेका रूपचन्दले काठमाडौंमा हस्तान्तरण गर्ने सूत्र वा व्यक्ति नतोकिएकै अवस्थामा पटनाबाट फलफूलकै टोकरीमा लुकाएर फ्युज एवं जेलिगनाइट बम काठमाडौं ल्याउने काम गर।

नेपाल वायुसेवा निगमको पटनाको एजेन्ट आफैं भएकाले पटनाका सबै जहाज व्यवस्थापनको जिम्मा पाएका रूपचन्द नाहटाले काठमाडौंका महत्त्वपूर्ण व्यक्तिहरूकहाँ पुऱ्याउनका लागि भारतका विभिन्न ठाउँहरूबाट झिकाइएका फलफूलदेखि अन्य सामानहरूसम्मलाई व्यवस्थित किसिमले टोकरीहरूमा सिलबन्द गरे । कञ्चनशमशेर, योगप्रसाद उपाध्याय, शशीशमशेर, परशुनारायण चौधरी, तेजबहादुर अमात्य आदिको व्यवस्थापनमा जुटाइदिएका टाइमवमका फ्युज एवं जेलिगनाइटहरूलाई तिनै टोकरीहरूका पिँध पिँधमा राखेर व्यवस्थित पारेका रूपचन्दले तत्कालीन गृहमन्त्री विश्वबन्धु थापाको चाहनाअनुसार भर्खरै चलेको चिया सेट पनि त्यसै सामानसँगै ल्याए । विमानबाट आफ्ना सबै सामान झारिसकेपछि गृहमन्त्री विश्वबन्धु थापालाई विमानस्थलबाटै फोन गरेका उनले चिया सेट सहित फलफूल पनि ल्याइदिएको जनाएर गाडी पठाइदिन आग्रह गरे (चित्रकार, २०६७) । आफ्नो कुरा मानेर काम गर्ने व्यापारिका रूपमा हेरी विश्वास गरेका गृहमन्त्री विश्वबन्धु थापाले पनि कुनै शङ्का नगरी गाडी पठाइदिने र भनिदिने गरेकाले गृहमन्त्रीको सामानसँगै फलफूलका टोकरी ल्याई मिराहोम स्थित आफ्नो डेरामा राखे ।

सामान सकुशल पुऱ्याएपछि सुवर्णशमशेरबाट फ्युज जेलिगनाइट हस्तान्तरणका लागि सम्पर्क व्यक्ति नतोकिएको र नपठाइएको हुँदा तत्काल हस्तान्तरण गर्न नपाएका रूपचन्द नाहटाले आफ्नै गोदाममा राखे । गृहमन्त्री विश्वबन्धु

थापालाई चिया सेटसँगै केही फलफूल पनि पुऱ्याइदिएर विश्वास कायमै राखेका थिए (थापा, २०६९) । नेपाली काङ्ग्रेसको हिंसात्मक आन्दोलन अर्थात् गुरिल्ला शैलीको सशस्त्र सङ्घर्षबाट आत्तिएको राज्य प्रशासनबाट जासुसी संयन्त्र तीव्र पारिएको अवस्थामा कत्ति नडराई क्रियाशील भएका रूपचन्द उक्त सामान हस्तान्तरणको पर्खाइमा थिए । दुर्भाग्यवस काठमाडौं उपत्यकाको उक्त मिसन व्यवहारमा उतार्ने जिम्मा पाएका ४ प्रमुख क्रान्तिकारी तरुण मध्येकै एक मुकुन्द शर्मा उपाध्यायले साँझ बसेर सुरापान गर्ने क्रममा साथीसँग यो तानाशाही राजाले लादेको व्यवस्थाका दिन सकिए, यो व्यवस्थाका सम्पूर्ण अवयवहरू हल्लाउने गरी विष्फोटन गराउन आवश्यक सबै हतियार रूपचन्द नाहटाले ल्याएर मिरा होममा राखिसकेको छ हामी यो राजा र यसका मन्त्रीलाई देखाइदिन्छौं गफैगफमा भन्दै सबै कुरा खुस्काइदिएछन् (शाक्य, २०६७; चित्रकार, २०६७; श्रेष्ठ (क), २०६७) । गुप्तचर मार्फत् उक्त सूचना वा जानकारी पाउना साथ सर्वप्रथम मुकुन्द शर्मा उपाध्यलाई नै गिरफ्तार गरेको प्रशासनले केरकार गरी सम्पूर्ण तथ्य पत्ता लगाउँदै मिरा होममा छापा मारेर फ्युज जेलिगनाइट वरामद गरी रूपचन्दलाई दसिप्रमाण सहित पक्रेपछि, श्रीकृष्ण वैद्य, श्यामलाल श्रेष्ठलाई पनि पक्रियो ।

यही सिलसिलामा काठमाडौं विष्फोटनको संयोजककै जिम्मेवारी पाएका ओमकार प्रसाद श्रेष्ठलाई मुकुन्द शर्माको खुलासाबाटै पत्ता लगाएका प्रहरीहरूले घेरा हाली समाते । श्यामलाल श्रेष्ठ एवं श्री कृष्ण वैद्यलाई पनि समातेपछि तिनैजना जुटाएर लान तरखर गरेका बेला अकस्मात गुरिल्लाझैं उफ्रेका ओमकारप्रसाद श्रेष्ठ उम्केर भागे । आफ्नो जिम्माको कार्य पूरा गर्न निश्चित योजना बनाएर जिम्मा दिने साथीहरूको नाम नामेसिसहित बनाएको योजनाको पोल नखुलोस् भनी प्रमाण नष्ट गर्न भागेका उनले कार्य गरिकन एक विश्वासी साथीकहाँ पुगेर लुकेको तर त्यहि साथीले विश्वासघात गर्दा पुनः पक्रिएको उल्लेख गरेका हुन् (श्रेष्ठ, २०६७; ओमकारप्रसाद श्रेष्ठ, अन्तर्वार्ता, २०८० जेठ ६) । रूपचन्द सहितका क्रान्तिकारी तरुणहरूलाई पक्रेर काठमाडौं विष्फोटनको जानकारी पाएको प्रशासनद्वारा प्रारम्भमा डि.एस.पि.कार्यालय र हनुमानढोकामा राखियो । बयान लिने क्रममा रूपचन्दलाई उक्त काण्डको मुलिनै ठहर गरेको प्रशासनद्वारा निकै सास्ति दिएर टर्चर गरेको थियो । मानिसलाई एउटा बोराभित्र राखेर सामानझैं खाँदखुद पार्ने र गाउँ घरतिर मकैलाई छोडाउन बोराभित्र भरेर झाड्ने गरेझैं झाड्ने थचार्ने गरेर मानव अधिकार कुन चराको नाम हो भन्ने गर्दथे (श्रेष्ठ, २०६७) । एक्ला एक्लै दिइने कुनै सीमाबिनाका यातनामा लौराले पिट्ने, करन्ट लगाउनेदेखि नङमा सियो घोच्ने यातना घण्टौंसम्म दिएका प्रहरी प्रशासनले रूपचन्दलाई त्यो सबै बेहोर्न बाध्य बनाए ।

माडवारी परिवारको सदस्य, व्यापार व्यवसाय गर्ने सम्पन्न मानिसको छवि बनाएका रूपचन्द नाहटा व्यापार व्यवसायमा रुचि राखेर क्रियाशील भइरहेको अवस्थामा बमका फ्युज एवं जेलिगनाइट सहित रङ्गेहात गिरफ्तार भएको घटनाले पञ्चायती शासनको त्यो कालखण्डमा निकै होहल्ला भयो (विश्वबन्धु थापा, अन्तर्वार्ता, २०६९ चैत्र १) । प्रधानमन्त्रीबिनाको सरकार अर्थात् राजाको अध्यक्षतामा गठित सरकारको गृहमन्त्रीको जिम्मेवारी पाएका विश्वबन्धुले आफूसँग निकट सम्बन्ध भएका माडवारी वम सहित पक्राउ परेको थाहा पाएपछि मौनता देखाउन रुचाए । राजाबाट अधिकार पाएका प्रहरीहरूले आफूलाई सोध्दा पनि नसोधेको उल्लेख गरेका विश्वबन्धुले सबै कुरा थाहा पाएर नै रूपचन्दले बम ल्याएको, भारतबाट योजनाबद्ध रूपमै बम ल्याइएको भन्दै आन्दोलन बारे सबै थाहा पाएको हुँदा बयानका क्रममा

प्रहरीहरूबाट कुटपिट गरिएको र पछि प्रशासनबाट आफूलाई कडा रूपमै सोधपुछ गरिएको जानकारी दिएको प्रस्ट पारेका छन् (थापा, २०६७) । जसबाट गृहमन्त्रीको जिम्मेवारी पाएका व्यक्ति समेत राजा महेन्द्रको प्रत्यक्ष शासनमा कस्तो हैसियतमा रहेछन् भन्ने स्पष्ट हुन्छ ।

हालको हनुमानढोका गोश्वारामा भित्रपट्टि होमगार्ड भएका ठाउँमा छुट्टाछुट्टै राखेर दुई महिनासम्म रूपचन्द लगायतलाई कठोरभन्दा कठोर शारीरिक र मानसिक यातना दिइयो । रातको समयमा त्यस्ता यातना भोग्नु पर्ने हुँदा क्रान्तिकारीहरू रात पर्न थाल्यो कि मुटु दरो पारेर बस्न बाध्य हुन्थे । काठमाडौँमा विष्फोटन गराउन भनी ल्याइएका हतियारबारे अनिभिज्ञ रहेका प्रहरी प्रशासनका तर्फबाट गिरफ्तार गरेपछि रिस पोख्दै एक्कासि मुखमा डाम बस्ने गरी झापड हिर्काउने, फाइनबोल्ट (रबरको पाइप जस्तो) ले पाइताला लगायतमा जथाभावी हान्ने, नलिखुट्टामा बुटले हिर्काउने, करेन्ट लगाउने, रातभर उभ्याएर सिक्री बाँधिराख्ने, टाउको तल खुट्टामाथि पारेर पाइतालामा हिर्काउने गरिन्थ्यो (श्रेष्ठ (क), २०६७) । शारीरिक जत्तिकै मानसिक यातना पनि प्रशस्तै पाएका रूपचन्दलाई उल्टो झुण्ड्याएर मर्मान्त प्रहार गर्ने, मेचमा हात राखेर बुटले हिर्काउने, बसेको ठाउँबाट बोलाएर बेहोस् नहुन्जेल कुट्ने, हातको हथकडी खाटमा बाँधेर राख्ने, कन्याउन चटपटाउन नमिल्ने गरी ठूला र कष्ट दिने खालका ४ वटासम्म हथकडी लगाएर राख्ने, पहिलादेखि नै कमजोर रहेका हातमा झुण्ड्याएर पिट्दा पिट्दा हातै नचल्ने बनाउने आदि अनेकौँ अमानवीय यातना दिइयो (भण्डारी, २०६७; चित्रकार, २०६७) । सुरुदेखि आखिरीसम्म नै यस्ता सबै यातना सहेर आफूले नै क्रान्तिका लागि प्रयोग गर्न सबै हतियार जानी बुझिल्याएको हो भन्ने बयानमा अडिग रहेका रूपचन्दले नेपाली काङ्ग्रेसका कुनै पनि नेता कार्यकर्ता, पार्टीको नाम नलिइकन देखाएको साहस, निष्ठा र धैर्यतालाई उनीसँगै जेल बसेका अर्जुन नरसिंह के.सी., ओमकारप्रसाद श्रेष्ठ, श्यामलाल श्रेष्ठ, रामचन्द्र पौडेल, कमल चित्रकार आदि धेरैले मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

अमानवीय व्यवहार सहितको यातनापूर्ण अवस्थामा तीन महिना पुलिस कस्टडिमा राखेपछि जेल चलान गरिएका रूपचन्द नाहटालाई काठमाडौँ ट्रिव्युनल समक्ष उभ्याएर २०२० साल वैशाख ५ गते मात्र सजाय सुनाइएको थियो । विष्फोटक पदार्थ सहित पक्राउ परेका मुकुन्द शर्मा, श्रीकृष्ण वैद्य, श्यामलाल श्रेष्ठ, ओमकारप्रसाद श्रेष्ठसँगै रूपचन्द नाहटालाई विदेशमा बसी विष्फोटक पदार्थ दिई सार्वजनिक स्थानहरूलाई ध्वस्त पार्न उत्साहित गर्ने सुवर्णशमशेर आदि सहित आजन्म कैद गर्ने फैसला भएको सुनाइएको थियो (अधिकारी, २०५८) । प्रहरी कस्टडीमा भोग्नु परेको लामो पीडा र एकान्त जीवनबाट मुक्त भएर केन्द्रीय कारागार पुगेर क्रान्तिकारी साथीहरूको सङ्सर्ग एवं सामित्यता बसिरहेका रूपचन्द नाहटा ट्रिव्युनलको फैसलापछि हलुङ्गो भएर रहन थालेका थिए । राजनैतिक बन्दीको रूपमा केन्द्रीय कारागारमा रहेका प्रजातन्त्रवादीहरू सबैले मुक्तकण्ठले प्रशंसा गर्ने पात्रको स्थान पाएका भारतीय मूलका माडवारी ट्रिव्युनलको उक्त फैसलापछि भोलि के होला ? भोलिको दिन कसरी काट्ने ? भन्ने चिन्तामुक्त भएर रहेको उल्लेख पाइन्छ । समय बित्दै जाँदा सबैसँग कसरी घुलमिल गर्ने ? जेलका समस्याबाट कसरी मुक्त भई साझा जीवन यापन गर्ने ? आदि सिकेका रूपचन्द नाहटा सबै राजनैतिक बन्दीहरूसँग मिलेर बस्न सकेको जानकारी त्यस बखत राजबन्दी भएका सबै जसोले दिएका हुन् । अन्त्यमा राज्य पक्षको अविवेकी निर्देशनबाट जन्म कैदको सजाय पाएका रूपचन्द नाहटाको जेल जीवन,

मुक्तिको सम्भावना सहित पछिल्लो जीवनयापन बारे यसै लेखमा विश्लेषण गर्दा निकै लामो र बोझिलो हुने भएकाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा उनले पुऱ्याएको महत्त्वपूर्ण सहयोगको मूल्याङ्कन गरियोस् भन्दै थप तथ्य अर्को अध्ययनमा विश्लेषण गर्ने सोच उजागर गर्दै यो आलेख पूर्ण विराम दिन चाहन्छु ।

**निष्कर्ष**

प्रजातान्त्रिक आन्दोलनका अप्ठ्यारा एवं साहसिक कार्यमा सक्रिय भई आफ्नो व्यवसाय चौपट पार्ने र यातना सहितको बन्दी जीवन बिताउने फैसला स्वीकार गरी प्रजातान्त्रिक पद्धतिप्रतिको निष्ठामा प्रतिबद्ध रहने व्यापारी रूपचन्द नाहटा कुनै पद, नेतृत्वको चाहना नराखी महत्त्वपूर्ण कार्य अन्जाम दिने क्रान्तिकारी हुन् । नेपालको प्रजातान्त्रिक आन्दोलनको पहिलो र दोस्रो पुस्तासँग विशेष एवं अनुरागपूर्ण सम्बन्ध कायम गरेका यिनी माडवारी कुलको व्यापारी परिवारका भएर पनि प्रजातान्त्रिक आन्दोलनमा गहकिलो योगदान पुऱ्याउने क्रान्तिकारीको भूमिका निर्वाह गरेर अमर भएका छन् । २०१५ सालमा सम्पन्न आम चुनावमा नेपाली काङ्ग्रेसले उच्च बहुमत पाएकाले सरकार गठन गरेका वी.पी. ले के गर्न सक्दछौं भन्दै सल्लाहका लागि सुवर्णशमशेरकहाँ पठाउँदा पनि केही चाहिँदैन नेपाल वायुसेवा निगमको पटना एजेन्ट (जि.एस.ए.) मिलाइदिनुस् भनेका रूपचन्दले सत्ता, शक्ति, सम्पतिको लोभ नगरी कर्म गर्ने आधारमात्र लिएका थिए ।

व्यापारका लागि जीवन होइन जीवनका लागि व्यापार भन्ने मानसिकताले गर्दा विशुद्ध व्यापारी हुन नसकेका रूपचन्द नाहटा प्रजातन्त्रमाथिको चरम अतिक्रमण सहनै हुँदैन भन्ने धारणाका पक्षपाति थिए । नेपाली कांग्रेसले हान र भागको व्युहरचना अन्तर्गत थालेको गुरिल्ला शैलीको आक्रमण सङ्घर्षमा एक सप्लायरको रूपमा अविस्मरणीय सहयोग पुऱ्याएका रूपचन्द नाहटालाई पनि राजकाज र ध्वंसात्मक मुद्दा लगाएर सजाय सुनाइएको थियो । कोइराला परिवारले वी.पी. कै लाइनमा राखेर मान सम्मान एवं माया स्नेह दिने अवस्थामा प्रजातान्त्रिक पद्धति नै समाप्त गर्ने राजाको कार्यबाट यिनी असन्तुष्ट हुनु स्वभाविकै हो । छलकपट नजान्ने र फाइदाका लागि झुटो नबोल्ने स्वभावका धनी रूपचन्द काङ्ग्रेसमा समाजवादको मान्यता अक्षुण्ण राख्नु पर्ने पक्षका भएकाले राजाको असंवैधानिक कदम विरुद्ध लागि मुख्य सम्पर्क व्यक्तिको भूमिका निर्वाह गर्ने व्यक्ति हुन् । एक इमान्दार सहयोगी बनेर गरेको कार्यलाई पनि नेतृत्व पाउने, नेतृत्वको विश्वस्त कार्यकर्ता बन्ने, स्थापित हुने वा नेता बन्ने लक्ष्य, चाहना, भावना अनुरूपका कार्य सरह मानेर सजाय सुनाएको नेपालको राज्य सत्ता र उसको न्याय प्रणालीलाई चुनौती दिने न्यायकर्मीको अभावले गर्दा रूपचन्द नाहटा जस्ता भारतभन्दा नेपाललाई बढी माया गर्दै नेपालमै रमाउँदै राष्ट्रवादी नेपाली ठान्ने व्यापारिले राजद्रोही ठहर भई सजाय भोग्नु परेको हो । प्रजातान्त्रिक व्यवस्थाको अभावमा व्यापार व्यवसाय पनि फस्टाउन सक्दैन भन्ने धारणाका पक्षधर भएकाले निस्वार्थ रूपमै गरेको सहयोगलाई पनि राज्य विरुद्धकै विप्लवको संज्ञा दिने राज्य पक्षको अविवेकी नीति निर्देशनले गर्दा नै यिनले राजद्रोहीको सजाय पाएका हुन् । उनका कार्य पछाडिको मानसिकता विश्लेषण नगरी सजाय सुनाउने न्यायालयको कार्यमाथि अब पनि वहस जरुरी छ ।

## सन्दर्भ सामग्रीहरू

अधिकारी, सूर्यमणि (सन् १९९८), *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* निराला पब्लिकेसन्स ।

अधिकारी, सूर्यमणि (२०५९), *नेपाली कांग्रेसको इतिहास,* भुँडीपुराण प्रकाशन ।

अधिकारी, हेमराज (२०५८), *आजको नेपाल भाग १,* श्रीमती चन्द्रकला अधिकारी ।

अधिकारी, शिव (२०४५), प्र.नेपाली काङ्ग्रेस : प्रवासमा, खगेन्द्र रेग्मी (सम्पा.), *नेपालमा प्रजातान्त्रिक समाजवाद.* खगेन्द्र रेग्मी, पृ. ४४-४८ ।

आचार्य, विनोद (सङ्कलन) (२०७३), *जगन्नाथ आचार्यको आत्मवृत्तान्त,* जगन्नाथ आचार्य स्मृति प्रतिष्ठान ।

उपाध्याय, योगप्रसाद (२०६७), प्रवासमा छदाको सम्झना, महामुनिश्वर आचार्य (सम्पा.), *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा.* शहीद रूपचन्द नाहटा मेमोरियल ट्रष्ट, पृ. ८३-८६ ।

उपाध्याय, ज्योती (२०७६), नेपालको प्रजातान्त्रिक आन्दोलन र तेजबहादुर अमात्य, बासुदेव खनाल (सम्पा.), *नेपालको प्रजातान्त्रिक आन्दोलनका वीर योद्धाहरू,* वी.पी. विचार राष्ट्रिय समाज, पृ. २७७-३२८ ।

केली, पाउल (सन् २०२२), *कन्फ्लिक्ट वार एन्ड रिभोलुसन,* ग्रोभ प्रेस ।

के.सी., अर्जुन नरसिंह (२०७८), *नेपाली काङ्ग्रेसको सङ्क्षिप्त इतिहास (सिद्धान्त तथा नीतिको परिचय सहित),* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि. ।

कोइराला, विश्वेश्वरप्रसाद (२०४०), *आफ्नो कथा,* साझा प्रकाशन ।

कोइराला, गिरिजाप्रसाद (२०६७), रूपचन्दको सम्झना, महामुनिश्वर आचार्य (सम्पा.), *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा.* शहीद रूपचन्द नाहटा मेमोरियल ट्रष्ट, पृ. १४-१५ ।

कोइराला, नोना (२०६७), कोइराला निवास र रूपचन्द नाहटा, महामुनिश्वर आचार्य (सम्पा.), *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* शहीद रूपचन्द नाहटा मेमोरियल ट्रष्ट, पृ. ७४-७९ ।

कोइराला, ज्योती (सन् २०१७), उमा दिदीसँगको सहयात्रा, दधिराज सुवेदी (सम्पा.),*उमा लक्ष्मी शर्मा स्मृति ग्रन्थ,* प्रजातान्त्रिक विचार समाज मोरङ, पृ. ४०-४७ ।

खरेल, शङ्कर (२०६४), *कालापानी माथिको बिजय (स्वतन्त्रता सेनानी भीमराज नौलखाको आत्मकथा).* नेपाली काङ्ग्रेस मोरङ ।

गिरी, भुवन (सन् २०१७), त्यसपछि उमा दिदीले कहिल्यै माईती खोज्नु भएन, (दधिराज सुवेदी (सम्पा.), *उमा लक्ष्मी शर्मा स्मृति ग्रन्थ,* प्रजातान्त्रिक विचार समाज मोरङ, पृ. ३५-३६ ।

गौतम, राजेश (२०७१), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस,* (भाग ३), इला, शोभेन्द्र, निशिम ।

गौतम, बद्रीनारायण (२०७१), वी.पी.कोइराला नेपाली काङ्ग्रेस र समावेशिता, लोकनाथ दुलाल (सम्पा.), *वी.पी.कोइरालाका वैचारिक आयाम,* एकनाराण पौडेल (सम्पा.), प्रजातान्त्रिक विचार समाज चितवन, पृ. ८६-१२३ ।

गौतम, बद्रीनारायण (२०७७), *शान्तिपूर्ण आन्दोलनमा नेपाली काङ्ग्रेस,* शिखा बुक्स ।

गौतम, बद्रीनारायण (२०७८) विचलनको बाटोमा नेपाली कांग्रेस, (वासुदेव खनाल (सम्पा.), *वी.पी. विचार नीति सिद्धान्त र व्यवहार,* वी.पी. विचार राष्ट्रिय समाज, पृ. १६३-३८१ ।

चटर्जी, भोला (सन् १९६७), *अ स्टडी अफ रिजेन्ट नेपलिज पोलिटिक्स,* वर्ल्ड प्रेस ।

चित्रकार, कमल (२०६७), जीवन नै पार्टीका लागि, *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* महामुनीश्वर आचार्य ( सम्पा.), शहीद रूपचन्द नाहटा मेमोरियल ट्रस्ट, पृ. ११०-११४ ।

डिब्रे, रिगिस (सन् १९६७), *रिभोलुशन इन दि रिभोलुसन,* ग्रोभ प्रेस ।

तामाङ, श्यामकुमार (२०५६), *जनमुक्ति सेना एउटा नलेखिएको इतिहास,* एकता प्रकाशन ।

थपलिया, नूतन (२०६७), रूपचन्द नाहटालाई सम्झेर ल्याउँदा, *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* महामुनीश्वर आचार्य (सम्पा.), शहीद रूपचन्द नाहटा मेमोरियल ट्रस्ट, पृ. ४०-४७ ।

थापा, विश्वबन्धु (२०६७), रूपचन्दजीलाई सम्झँदा, *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* महामुनिश्वर आचार्य ( सम्पा.), शहीद रूपचन्द नाहटा मेमोरियल ट्रस्ट, पृ. ३५-३७ ।

नाहटा, सुशिल (२०७४), त्यागको प्रतिमूर्ति उमा आमा, दधिराज सुवेदी (सम्पा.), *उमालक्ष्मी शर्मा स्मृति ग्रन्थ,* प्रजातान्त्रिक विचार समाज मोरङ, पृ. ४५-४६ ।

नाहटा, जुगलकिशोर उर्फ नाहटा, जुगराज (२०६७), पिताजीसँगका सम्झनाहरू, महामुनीश्वर आचार्य (सम्पा.), *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* शहीद रूपचन्द नाहटा मेमोरियल ट्रस्ट, पृ. १४४-१४८ ।

पराजुली, जगत्प्रसाद (२०७९), *विराटनगरको अन्वेषणात्मक इतिहास,* सनातन प्रेस ।

पराजुली, महेन्द्र (२०७७), *आँखिझ्यालबाट नेपालको राजनीति,* साङ्ग्रिला बुक्स ।

परमानन्द (सन् १९८५), *दि नेपाली काङ्ग्रेस सिन्स इट्स इन्सेप्सन,* बि.आर.पब्लिसिङ कर्पोरेसन ।

राणा, सागर एस.जे.बी. (सन् २०२३), *किङ्डम लस्ट नेपाल्स ट्रायस्ट उइथ डेमोक्रेसी १९५१-२००८,* रूपा पब्लिकेसन्स इन्डिया प्रा.लि. ।

लिबन, गुस्ताभ (मिल, बेरनार्ड अनु.) (सन् १९१३), *दि साइकोलोजी अफ रिभोलुसन,* टि.फिर अनउइन ।

वश्याल, विनोद (२०७७), *संवैधानिक कानुन,* अधिवक्ता वसन्धरी खरेल ।

वैद्य, टि.आर. (सन् १९९३), *पृथ्वीनारायण शाह फाउन्डर अफ मोडर्न नेपाल,* अनमोल पब्लिकेसन्स ।

वैद्य, तुलसीराम र मिश्र, तीर्थप्रसाद (२०५४), *आधुनिक नेपालको राजनैतिक इतिहास (१७६८-१८४६ ई.),* नेपाल र एशियाली अनुसन्धान केन्द्र. त्रि.वि. ।

श्रेष्ठ (क), श्यामलाल (२०६७), जेलमा १० वर्ष, महामुनीश्वर आचार्य (सम्पा.), *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* शहीद रूपचन्द नाहटा मेमोरियल ट्रस्ट, पृ. ६३-७० ।

श्रेष्ठ (ख), ओमकारप्रसाद (२०६७), रूपचन्दजीको योगदानलाई बिर्सनु हुँदैन, महामुनीश्वर आचार्य (सम्पा.), *प्रजातान्त्रिक आन्दोलनमा रूपचन्द नाहटा,* महामुनिश्वर आचार्य (सम्पा.), शहीद रूपचन्द नाहटा मेमोरियल ट्रस्ट, पृ. ५३-५९ ।

सुवेदी, दधिराज (२०५४), *विराटनगरको संक्षिप्त इतिहास,* विराटनगर उपमहानगरपालिका ।